# काभ्रेपलाञ्चोक जिल्ला अदालतको

## सेवा प्रवाह संबन्धी सूचना

विश्वमा महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को महामारीको कारण यस अदालतको मिति २०७८।०१।१५ तथा २०७८।०१।१९ गतेको पूर्ण बैठकबाट सेवा स्थगन भएका सेवाहरु संचालनका सन्दर्भमा जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकको मिति २०७८।०३।२१ गतेको निषेधाज्ञा सम्बन्धी सूचना अनुसार जिल्ला भित्र सार्वजनिक सवारी साधन संचालन लगायतका सेवाहरु सुचारु गर्ने निर्णय भए बमोजिम बार बेञ्चको बैठक तथा यस अदालतको मिति २०७८।०३।२३ को पूर्ण बैठकको निर्णयबाट यस अदालतबाट प्रदान गरिने सम्पूर्ण सेवाहरु मिति २०७८।०४।०१ गते देखि नियमित रुपले सञ्चालन हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

१. निषेधाज्ञा अवधिको म्याद, तारेख थाम्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको मिति २०७८।०१।१४ को पूर्ण बैठकको निर्णय एवम् वृहत पुर्ण इजलासको मिति २०७७।०२।१५ को आदेश बमोजिको सुविधामा प्रतिकुल असर नपर्ने गरी देहाय बमोजिम हुने व्यहोरा अनुरोध छ।
   (क) यस अदालतमा म्याद, तारिखमा उपस्थित हुनुपर्ने काभ्रेपलाञ्चोक जिल्लाका सेवाग्राहीहरु निषेधाज्ञा समाप्त भएको मितिले बाटोको म्याद बाहेक ३०(तीस) दिन भित्र उपस्थित हुने।
   (ख) बाहिर जिल्लाका सेवाग्राहीका हकमा निषेधाज्ञा समाप्त भई अन्तर जिल्ला सार्वजनिक यातायातको साधन सञ्चालनमा आएको मितिले बाटाको म्याद बाहेक ३०(तीस) दिन भित्र उपस्थित हुने ।
   (ग) काम कारवाही तथा सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा तथा निवेदनहरुमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने।
   (घ) माथि उल्लेखित व्यवस्थाहरुको व्यवस्थापन तथा स्वास्थ्य सुरक्षाको मापदण्ड अवलम्बन गर्ने सम्बन्धमा अदालत प्रशासनले आवश्यक प्रवन्ध मिलाउने ।

२. कोभिड-१९(कोरोना भाइरस) लाई मध्यनजर गरी कानून व्यवसायी, सेवाग्राही लगायत अदालतमा प्रवेश गर्नुहुने महानुभावहरुले स्वास्थ्य सुरक्षाको मापदण्ड अबलम्बन गर्नुहुन तथा सेवा लिदा तोकिएको दुरी कायम गर्नहुन अनुरोध छ ।

२०७८।३।२३

श्रेस्तेदार (उपसचिव)